संघीय संसद

# राष्ट्रिय सभा

छैटौं अधिवेशन

## बैठक - ३३

२०७७ असार १७ गते बुधवार

दिनको १:०० बजे

## सम्भावित दैनिक कार्यसूची

### राष्ट्रपति कार्यालयको पत्र

१. सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमका विधेयकहरू प्रमाणीकरण सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुहुनेः-

(क) विनियोजन विधेयक, २०७७

(ख) आर्थिक विधेयक, २०७७

(ग) राष्ट्र ऋण उठाउने विधेयक, २०७७

(घ) ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७

(ङ) केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७

### व्यवस्थापन कार्य

२. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराईले “अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७” सभा समक्ष पेश गर्नुहुने ।

३. सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले,-

(क) विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) “अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ग) विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित “भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ माथि छलफल गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(घ) “भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ङ) राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७७ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

४. माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको “नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव